कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
# सामाजिक विकास कार्यालय
सल्यान, नेपाल

प.सं. : २०८२।०८३
च.नं. : २५

मिति:-२०८२।०५।०२
ने.सं. ११४५ गुंलागा

विषय : सूचना टाँस गरी प्रचार प्रसार गरिदिने सम्बन्धमा ।

श्री स्थानीय तहहरु (सबै),
सल्यान।

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालयको च.नं. १४९, मिति २०८२।०५।०१ गतेको पत्रसाथ प्राप्त सूचना अनुसार मन्त्रालयको युवा तथा खेलकुद महाशाखाद्वारा प्रदेशमा रहेका मूर्त र अमूर्त संस्कृतिको अभिलेखीकरण तथा प्रवर्द्धन कार्यक्रम अन्तर्गत श्रव्य दृश्य सामग्री (Video) निर्माणका लागि स्थानीय तहहरुमा प्रचार प्रसार गरिदिनु हुन भनी लेखी आएको हुँदा यसै पत्रसाथ संलग्न गरी पठाईएको सूचनालाई तहाँ कार्यालयको website लगायत सूचनापाटीमा टाँस गरी सोको जानकारी यस कार्यालयमा उपलब्ध गराईदिनु हुन अनुरोध छ ।

कृष्ण प्रसाद अधिकारी
सामाजिक विकास अधिकृत
**सामाजिक विकास अधिकृत**

बोधार्थ
श्री सामाजिक विकास मन्त्रालय, वीरेन्द्रनगर सुर्खेत ।

दार्मा गाउँपालिका
दर्ता नं. ४५८
दर्ता मिति: ०८२।५।२१

# कर्णाली प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
सम्पर्क नं.: ०८३-५२३६७२

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

मिति: २०८२/०५/०१ गते
११४५ गुंलागा नवमी

पत्र संख्या: २०८२/०८३
चलानी नं.: ९८५

श्री शिक्षा विकास निर्देशनालय,
श्री सामाजिक विकास कार्यालय, सबै,
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

विषय : सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालयको युवा तथा खेलकुद महाशाखा अन्तर्गत यस आर्थिक वर्ष २०८२।०८३ मा रहेको प्रदेशमा रहेका मूर्त र अमूर्त संस्कृतिको अभिलेखीकरण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि मन्त्रालयको Website मा सूचना प्रकाशित भएको व्यहोरा अनुरोध छ । उक्त यसै साथ संलग्न सूचना सबै जिल्ला तथा स्थानीय तहहरुमा प्रचार प्रसारको सुनिश्चितताको लागि जिल्ला तथा स्थानीय तहको Website लगायत सूचनापाटीमा टाँस गर्न र सो को सुनिश्चितताका साथ यस मन्त्रालयमा जानकारी दिन हुन अनुरोध छ ।

जवाहरलाल हमाल
उपसचिव

प्र.अ.श्री [illegible] पहलमान जी
कार्यालयको वेबसाइटमा अपलोड गर्ने,
सूचनापाटीमा टाँस गर्ने र स्थानीय
तहमा पत्राचार पठाउने व्यवस्था मिलाउने।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सामाजिक विकास कार्यालय, सल्यान
दर्ता नं. २५
दर्ता मिति: २०८२।०५।०२

कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

**वीरेन्द्रनगर, सुर्खेत**

## मूर्त र अमूर्त संस्कृति अभिलेखीकरण तथा प्रवर्द्धन कार्यक्रम अन्तर्गत श्रव्य दृश्य सामग्री (Video)निर्माण सम्बन्धी सूचना

कर्णाली प्रदेशमा रहेका विभिन्न मूर्त तथा अमूर्त संस्कृतिहरुको अभिलेखीकरण तथा प्रवर्द्धन गर्नका लागि श्रव्य दृश्य सामग्री (Video) निर्माण गर्न इच्छुक सर्जकहरूका लागि यो सूचनाप्रकाशन गरिएकोछ ।

यस कार्यक्रमको उद्देश्य कर्णाली प्रदेशको मूर्त संस्कृति जस्तै पुरातात्त्विक संरचना मन्दिर, गुम्बा, परम्परागत घर, मूर्तिकला, धार्मिक सम्पदा, पर्यटकीय सम्पदा, जलसम्पदा आदि र अमूर्त संस्कृति जस्तै: मेला, पर्व, जात्रा, देवीदेवताका पैठ, लोकगीत, लोकनृत्य, लोककथा, रीतिरिवाज, मौखिक इतिहास, संस्कारकर्म, मागल, धमारी, ढटाह, आदिको श्रव्यदृश्य सामग्री (Video) निर्माण गरी प्रवर्द्धन तथा अभिलेखीकरण गर्नु रहेको छ।

इच्छुक सर्जकले श्रव्य दृश्य सामग्री (Video)निर्माणका लागि देहाय बमोजिमका शर्तहरू पालना गर्नुपर्नेछ:

१. भिडियो निर्माणको मापदण्ड:

- श्रव्य दृश्य सामग्री (Video) सम्बन्धित विषयमा पूर्ण परिचयात्मक र स्पष्ट सन्देशमूलक हुनुपर्ने.
- श्रव्य दृश्य सामग्री (Video) को समयावधि ५-१०मिनेटसम्म हुनु पर्ने
- श्रव्य दृश्य सामग्री (Video)फ्रेमसाइज, १६:९को हुनु पर्ने,
- गुणस्तर (Quality):HD (1080p)को हुनुपर्ने,
- Voiceover/Narrationर English Subtitleअनिवार्य गरिएको,
- मौलिकसामग्रीहरू (प्रचलित कानून बमोजिम प्रतिलिपि अधिकार योग्य।
- प्राविधिकगुणस्तर, मौलिकता, सांस्कृतिक संवेदनशीलता आधारमा मूल्याङ्कन गरिनेछ।
- सहभागीले पेश गरेको सामाग्री आफैले सिर्जना गरेको, सम्पादन गरेको वा खिचेको हुनुपर्नेछ । अन्य कुनै सर्जकको तर्फबाट सिर्जना गरिएको वा पूर्वप्रकाशित भिडियो सम्पादन गरी पेश गरेको पाइएमा त्यस्तो भिडियोलाई मूल्याङ्कनमा समावेश गरिनेछैन

- पेश गरेको श्रव्यदृश्य सामाग्री प्रचलित कानून बमोजिम प्रतिलिपि अधिकारका लागि योग्य भएको हुनुपर्नेछ ।
- कुनै श्रष्टाले कानून विपरित अन्य सर्जकको सिर्जना चोरी गरी पेश गरेको पाइएमा सोको सम्पूर्ण जिम्मेवारी सम्बन्धित प्रस्तुतकर्ता नै हुनेछ ।

२. भिडियो पेश गर्ने तरिकाः

- श्रव्य दृश्य सामग्री (Video) को सिर्जनाकर्ताले तयार पारेको श्रव्य दृश्यसामग्री (Video)आफ्नो YouTubeप्लेटफर्ममा अपलोड गरी सोको लिंक र प्रयोग भएको स्क्रिप्टको Word Fileसहितको प्रतिवेदन mosdvideo@gmail.comमा पठाउनुपर्नेछ।
- मेला, पर्व, जात्रा, देवीदेवताका पैठ सम्बन्धी श्रव्य दृश्य सामग्री (Video)महिना सकिएको पहिलो हप्ता भित्र अनिवार्य रूपमा पठाउनुपर्नेछ।
- अन्य विषयका श्रव्य दृश्य सामग्री (Video) पुरातात्त्विक संरचना, मन्दिर, गुम्बा, परम्परागतघर, मूर्तिकला, धार्मिक सम्पदा, पर्यटकीय सम्पदा, जलसम्पदा, लोकगीत, लोकनृत्य, लोककथा, रीतिरिवाज, मौखिक इतिहास, संस्कारकर्म, मागल, प्रभाती, इटाह आदिको वार्षिक मूल्याङ्कनका लागि पेश गर्न सकिनेछ।

३. छनोट प्रक्रियाः

- मेला, पर्व, जात्रा, देवीदेवताका पैठ सम्बन्धी भिडियोको मासिक मूल्याङ्कन भदौदेखि जेठ मसान्तसम्म गरिनेछ।
- अन्य मूर्त/अमूर्त संस्कृति सम्बन्धी श्रव्य दृश्य सामग्री (Video)को वार्षिक मूल्याङ्कन चालु आर्थिक वर्षको असार पहिलो हप्तामा गरिनेछ।

४. पुरस्कार सम्बन्धी व्यवस्थाः

- मेला, पर्व, जात्रा, देवीदेवताका पैठ सम्बन्धी श्रव्य दृश्य सामग्री (Video)मध्ये मासिक उत्कृष्ट रु. १५,०००(रु पन्ध्र हजार) र प्रमाणपत्र,
- वार्षिक सर्वोत्कृष्ट श्रव्य दृश्य सामग्री (Video): रु.३५,००० (रु पैंतिस हजार) र प्रमाणपत्र ।

- विशेष विधाहरू (लोकगाथा, लोकसंस्कार, धार्मिक सम्पदा, पर्यटकीय सम्पदा, जलसम्पदा) मा उत्कृष्ट श्रव्य दृश्य सामग्री (Video): प्रति विधा रू. २०,००० (रु बीस हजार)र प्रमाणपत्र प्रदान गरिनेछ।

यस सार्वजनिक सूचनामा उल्लिखित मापदण्डअनुसार आफ्नो मौलिक सांस्कृतिक श्रव्य दृश्य सामग्री (Video)निर्माण गरी समयमै पठाउन हुन सम्पूर्ण इच्छुक व्यक्तिहरूलाई अनुरोध गरिन्छ।

थप जानकारीका लागि:

सामाजिक विकास मन्त्रालय,
युवा तथा खेलकुद महाशाखा
कर्णाली प्रदेश, सुर्खेत
ईमेल: mosdvideo@gmail.com